स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



गायनमा राम्रो 'नेम र फ्रेम' बनाएका कयौं चर्चित अनुहार नेपाली फिल्मको हिरो बनिसकेका छन् । अब यो भीडमा गायक प्रकाश सपुत थपिएका छन् । असोज २८ गतेदेखि प्रदर्शनमा आउन लागेको फिल्म 'परदेशी २'बाट उनले अभिनेताको रुपमा डेब्यू गरेका छन् । अभिनयमा अगाडि बढ्नका लागि उनलाई यो फिल्मको व्यावसायिक सफलता र अभिनयको प्रशंसा दुवै अनिवार्य रहनेछ । उनलाई 'परदेशी २' प्रदर्शन नहुँदै धेरै फिल्मबाट प्रस्ताव आइसकेका छन् ।

आजको विचार...



नेपालका...

(दुई पेजमा)

पूर्ण ओली

अहिलेका व्यस्त अभिनेता दयाहाङ राईको गत वैशाख १ मा उनका दुई फिल्म 'बिहेपास' र 'जारी' एकसाथ रिलिज भए । आउँदो फागुन २५ गते यो परिस्थिति दोहोरिँदैछ । यसपटक त दयाहाङ मात्र होइन, मिरुना मगरको समेत फिल्म जुध्दैछ । यी दुई कलाकारलाई शीर्ष भूमिकामा लिएर फिल्म 'रंगोली'को फिल्म छायांकन पूर्वी नेपालमा चलिरहेको छ । मंगलबार मात्रै अनन्या फिल्म्सले दयाहाङ र मिरुनालाई शीर्ष भूमिकामा लिएर फिल्म 'लोकल हिरो'को घोषणा गरेको छ ।



❒ वर्ष २९ ❒ अंक ८७ ❒ २०८० असोज २५ गते बिहीबार 12 October 2023, Thursday ❒ पृष्ठ संख्या ४ मूल्य रु ५/-

प्रहरीको चाडपर्व लक्षित योजना

# यात्रुको गुनासो सुन्न पाल्पाका ६ ठाउँमा सहायता कक्ष

## अफठ्यारो परेमा १०० मा फोन गर्न आग्रह

कृष्ण पोखरेल

**पाल्पा,** असोज २४/पाल्पाका विभिन्न ठाउँमा प्रहरीले यात्रु सहायता कक्षा सञ्चालनमा ल्याएको छ । यात्रुको गुनासो सुन्न र यात्रा सहज बनाउने उद्देश्यले विभिन्न ६ ठाउँमा यात्रु सहायता कक्षा सञ्चालनमा ल्याइएको हो ।

नजिकिँदै गरेको दसैं-तिहारलगायत चाडपर्वलाई लक्षित गरी यात्रु सहायता कक्षा सञ्चालनमा ल्याइएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ । समस्यामा परेका यात्रु, चालक तथा सहचालक सबैले प्रारम्भिक जानकारी गराउने ठाउँ यात्रु सहायता कक्षा हो। प्रहरी नै सडकमा उत्रिएर यात्रुलाई सहयोग गर्न यो कार्यक्रम ल्याइएको प्रहरीले जनाएको छ । यात्रा गरिरहँदा चोरी भएमा, सवारीसाधनले वृद्धवृद्धा, महिला, अपांगता भएकालाई दिनुपर्ने सहुलियत तथा सेवा नदिएमा, गन्तव्यमा पुर्‍याउन सवारीले ढिलाइ गरेमा जस्ता समस्या समाधान गर्न यात्रु सहायता कक्षाले सहयोग पुर्‍याउने प्रहरीले विश्वास लिएको छ । प्रहरीले तानसेनको बसपार्क, बर्तुङ्ग, आर्यभञ्ज्याङ्ग, रामपुर, दोभान र




हार्थोकमा चाडपर्व लक्षित यात्रु सहायता कक्ष सञ्चालन गरेको हो ।


बसपार्कमा स्थापना गरिएको यात्रु सहायता कक्षको निमित्त प्रमुख जिल्ला अधिकारी भक्तिसरा रानाले उद्घाटन गर्दै चाडपर्वमा हुन सक्ने सम्भावित ठगि र यात्रुको सरलताका लागि सहायता कक्षले सहयोग पुर्‍याउने बताइन् । उनले भनिन्, 'यात्राका क्रममा कसैलाई समस्या भएको अवस्थामा सहजताका लागि प्रहरी सेवा उपलब्ध गराउन चौबिसै घण्टा सेवा प्रवाह हुने गरी व्यवस्था मिलाइएको छ ।' सुरक्षाकर्मीहरुको पहिलो काम भनेकै यात्रुहरुलाई सजिलो, सहज सुरक्षित तरिकाबाट गन्तव्यमा पुराउने गरी तालिम प्रशिक्षण, निर्देशन गरी परिचालन भएको निमित्त प्रजिअ रानाले बताईन् । यात्राका क्रममा असहजता र ठगिको महशुस भए ती सहायता कक्षामा उजुरी वा गुनासो गर्ने व्यवस्था गरिएको प्रहरी प्रमुख एसपी हेरम्ब शर्माले बताए । यात्रु सहायता कक्षामार्फत ट्राफिक नियम सचेतना गराउने, क्षमताभन्दा बढी यात्रु राखेको, तोकिएभन्दा बढी भाँडा लिएको विषयमा चेकजाँच गरी कारवाही प्रक्रिया अघि बढाइने उनले बताए । उनले भने, 'चाडपर्वमा विशेषगरी सवारीसाधन कम चल्ने र यात्रुको चाप बढी हुने गर्दछ यस्तो अवस्थामा मनपरी भाँडा असुल्ने, सामान छुट्न सक्छ, गन्तव्यमा हिडेका यात्रुहरु अलमलमा पर्ने जस्ता समस्या हुने भएकाले सहजताका लागि सहायता कक्ष स्थापना गरिएको हो ।' २४ सै घण्टा प्रहरीहरु हाई एलटमा परिचालन गरिएको प्रहरी प्रमुख शर्माले बताए । चाडपर्वमा यात्रुहरु लुटिने, ठगिने, अनावश्यक भिडभाड गर्ने, क्षमता भन्दा बढी यात्रुहरु राखेर जोखिम बढाउने, नियमित सवारी साधनहरु चेकजाँच नगरी चलाउने, यात्रुहरुसँग बढी भाडा लिने, स-साना झोला पोकाहरुको भाडा लिने, एउटा स्थानमा भनेर यात्रु चढाए पनि गन्तव्यमा नपुर्‍याई बिच बाटोमा छोड्ने, यात्रुसँग थप रकमको बार्गिनिङ्ग, सरसमानमा बढी मुल्य लिने, गुणस्तरहिन सरसमान दिने, जस्ता घटनाहरु भए पैसा नलाग्ने १०० नम्बरमा फोन गरेर सुरक्षित हुन समेत उनले यात्रुहरुलाई आग्रह गरे ।

प्रहरीले ६ वटा स्टेशनलाई प्रमुख केन्द्र विन्दु बनाए पनि प्रहरीको उपस्थिती भएका स्थानबाट यात्रुहरुलाई आवश्यक सुरक्षा प्रदान गर्ने कार्यक्रम निरन्तर रहेको जिल्ला ट्राफिक प्रहरी पाल्पाका प्रमुख राजकुमार चापागाईले बताए । प्रहरी, नागरिक तथा यातायात व्यबसायीहरुको आपसी सहकार्यबाट दुःखद् घटना नघटीकन चाडपर्व मनाउने गरी प्रहरी सक्रिय रहेको जिल्ला प्रहरी कार्यालय पाल्पाका सूचना अधिकारी डिएसपि सुगन्ध श्रेष्ठले बताए । पाल्पा प्रहरीले चाडपर्वलाई लक्षित गरी हरेक स्थानमा सादा पोसाकमा समेत प्रहरी परिचालन गरी आवश्यक सूचना तथा जानकारी संकलन गर्दै आएको छ ।

(...बाँकी अन्तिम पेजमा)

सक्षिप्त समाचार

## विश्व दृष्टि दिवस मनाइँदै




**पाल्पा,** असोज २४/आज विश्व दृष्टि दिवस विभिन्न कार्यक्रम गरी मनाइँदै छ । उपचार तथा रोकथाम गर्न सकिने अन्धोपनका समस्या र समाधानबारे विश्वभर चेतना फैलाउने उद्देश्यले आज विश्वभर यो दिवस मनाइदैछ । नेपालमा पनि यो दिवस मनाउन लागिएका हो ।

दिवसमा विश्वभरिका विभिन्न संघ-संस्थाले सरकार, संस्था र व्यक्तिलाई विश्वव्यापी रुपमा परिचालित अन्धोपन निवारण कार्यक्रममा सहकार्य गर्न प्रोत्साहित गरेको छ । विगत तीन दशकदेखि नेपालको आँखा स्वास्थ्य सेवामा गैरसरकारी संस्थाहरुको सहभागिताले यस क्षेत्रको प्रगती तुलनात्मक रुपमा अग्रिम पंक्तिमा छ । यद्यपि, प्राथमिक आँखा उपचार सेवालाई ग्रामीण समुदायसम्म अझ प्रभावकारी बनाउन सकिएको छैन ।

## काँग्रेस पाल्पाका सभापति श्रेष्ठको अपिल : 'चाडपर्वलाई सुरक्षित र सहज बनाऊ'

**पाल्पा,** असोज २४/नेपाली काँग्रेस पाल्पाका सभापति हिमालदत्त श्रेष्ठले नजिकिदै गरेका चाडपर्वहरुलाई सुरक्षित र सहज बनाउन सरकारसँग आग्रह गरेका छन् । बुधबार एक अपिल सार्वजनिक गर्दै सभापति श्रेष्ठले यस्तो आग्रह गरेका हुन् ।

अस्तव्यस्त सडकका कारण दुर्घटना हुन सक्ने र चाडपर्वका कृत्रिम अभाव सिर्जना गरी मूल्य वृद्धि हुँदा सर्वसाधारण समस्यामा परेकाले त्यसतर्फ ध्यान दिन तीनै तहका सरकारलाई उनले अपिल गरेका छन् । 'नेपालीहरुको महान पर्व घरदैलोमा आइरहेको अवस्थामा बजारमा चाडपर्वका लागि चाहिने अत्यावश्यक वस्तुहरुमा अत्याधिक मूल्य वृद्धि तथा कतिपय वस्तुहरुको कृत्रिम अभाव समेत भइरहेको अवस्था विद्यमान छ भने अर्को तर्फ वर्षात र बाढी पहिरोका कारण राजमार्ग तथा ग्रामीण सडकहरु भत्केका, बिग्रेका र खाल्डा खुल्डी परी गाडी आवत जावतमा समेत असहज अवस्था सिर्जना भएको छ । यसतर्फ सम्बन्धित निकायको ध्यान पुगेको देखिदैन । यस्तो अवस्थामा तीनै तहका



सरकारको ध्यान जाओस्' सभापति श्रेष्ठको अपिलमा भनिएको छ । बजारमा देखिएको कृत्रिम अभाव र अत्याधिक मूल्य वृद्धि नियन्त्रण गरी सर्वसाधारणलाई चाहिने उपभोग्य वस्तु र सामानहरुको सहज उपलब्ध गराउन उनले सरकारलाई आग्रह गरे ।

सभापति श्रेष्ठले बाढी पहिरोका कारण भत्केका सडक मर्मत सम्भार र खाल्डा खुल्डी पुर्ने काम तुरुन्त गरी चाडपर्वमा यात्रुलाई सहज आवागमन गर्ने व्यवस्था मिलाउन समेत संघीय, प्रदेश र स्थानीय सरकार समक्ष जोडदार माग गरेको अपिलमा उल्लेख छ ।

यस्तै विगत केही दिनदेखि नेपालका विभिन्न ठाउँमा सामाजिक सद्भाव खलबलिने खालका गतिविधिहरु भइरहेको प्रति पनि उनले गम्भीर ध्यानाकर्षण भएको जनाएका छन् । सभापति श्रेष्ठले त्यस्ता गतिविधिहरुलाई निरुत्साहित गरी सामाजिक सद्भाव र भाइचाराको सम्बन्ध यथावत कायम गराउन, नेपाल सरकार, सबै राजनीतिक दल, सामाजिक संघ संस्था तथा सरोकारवाला सबैमा अपिल गरेका छन् । उनले इजरायलमा नेपाली विद्यार्थीहरु माथि हमासद्वारा गरिएको अमानवीय आततायी क्रूर आक्रमणको भर्त्सना गर्दै दिवंगत नेपाली विद्यार्थी प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै मृतकका परिवारजनप्रति गहिरो समवेदना समेत प्रकट गरेका छन् ।

## आज गैरआवासीय नेपाली दिवस




**पाल्पा,** असोज २४/आज गैरआवासीय नेपाली दिवस विभिन्न कार्यक्रम गरी मनाइँदै छ । नेपाल सरकारले गैरआवासीय नेपाली दिवस एनआरएन डे भनेर अक्टोबर ११ लाई घोषणा गरेपश्चात नेपालमा हरेक वर्ष यसैदिन गैरआवासीय दिवस मनाउने गरिएको हो । यस वर्ष भने आज मनाइँदै छ ।

विश्वभर छरिएर रहेका नेपालीहरुको साँझा सस्था गैरआवासीय नेपाली संघले औपचारिक कार्यक्रमको आयोजना गरी दिवस मनाउँदैछ । यो एउटा सार्क मुलुक बाहेकका मुलुकमा रहेका नेपाली नागरिक तथा नेपाली मुलका विदेशी नागरिक अटाउन सक्ने गैर-आवासीय नेपालीहरूको अन्तर्राष्ट्रिय सञ्जाल हो ।

नेपाली पासपोर्ट बोकेर ६ महिना या बढी समयका लागि रोजगारी, बसाइसराई या शिक्षाको सन्दर्भमा अन्य देशमा बसोबास गर्ने नेपालीलाई गैर आवासीय नेपाली भनिन्छ । नेपालको मात्र उन्नती नभइ नेपाल बाहिरका नेपालीको पनि प्रशिद्धि बढ्न सक्ने र जन्मभूमीको विकासका लागि सबैले यथासक्य सहयोग गर्ने उद्देश्यका साथ गैरआवासीय नेपाली संघ स्थापना भएको हो ।

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

# सम्पादकीय

## विश्व दृष्टि दिवसको सन्दर्भ

आज अक्टोवर १२ तारिख अर्थात् विश्व दृष्टि दिवस । उपचार तथा रोकथाम गर्न सकिने अन्धोपनका समस्या र समाधानबारे चेतना फैलाउने उद्देश्यले विश्वभर यो दिवस मनाइँदैछ । 'काममा तपाईंको आँखालाई माया गर्नुहोस्' भन्ने नाराका साथ यस वर्षको दिवस मनाइँदैछ । दृष्टिका बारेमा आम मानिसमा जानकारी गराउनु र अन्धोपन हुनबाट बचाउन दिवस महत्वपूर्ण रहेको छ । पछिल्लो समय आँखाको स्वास्थ्य उपचार विश्वका लागि चुनौतीका रुपमा देखा पर्दै गएको बेला दिवसले केही हदसम्म भएपनि समाधान गर्ने विश्वास गर्न सकिन्छ । दिवसमा विश्वभरिका विभिन्न संघ-संस्थाले सरकार, संस्था र व्यक्तिलाई विश्वव्यापी रुपमा परिचालित अन्धोपन निवारण कार्यक्रममा सहकार्य गर्न प्रोत्साहित गरेको छ । विगत तीन दशकदेखि नेपालको आँखा स्वास्थ्य सेवामा गैरसरकारी संस्थाहरुको सहभागिताले यस क्षेत्रको प्रगति तुलनात्मक रुपमा अग्र पंक्तिमा छ । यद्यपि, प्राथमिक आँखा उपचार सेवालाई ग्रामीण समुदायसम्म अझ प्रभावकारी बनाउन जिल्लामा आँखा स्वास्थ्य सेवा कार्यक्रमसँग सम्बन्धित सबै सरोकारवालाबीच समन्वय गराउँदै एकीकृत स्वास्थ्य सेवा प्रणालीमा जोड दिनु विश्व दृष्टि दिवसको पहिलो प्राथमिकता हो ।

वास्तवमा शरीरका अंगमध्ये सबैभन्दा महत्वपूर्ण अंग आँखा हो । यसको स्याहार सुसार गरिएन भने आँखा सम्बन्धी विभिन्न रोग लाग्ने गर्दछ । आँखालाई स्वस्थ राख्नको लागि हरियो सागसब्जी, मेवा, गाजर, फर्सी, ब्रोकाउली जस्ता भिटामिनयुक्त तरकारी तथा फलफूल नियमित सेवन गर्न चिकित्सकहरुले सल्लाह सुझाव दिने गरेका छन् । समयमै आँखा उपचारको बारेमा जागरुकता ल्याउन सक्ने हो भने ठूलो जनसंख्या अन्धोपन हुनबाट जोगिन सक्छ । संसारका कुनै पनि व्यक्ति दृष्टिविहीन हुन नपरोस् र उपचार नहुने गरी दृष्टि कमजोर भएकाले यथाशाक्य बाँकी दृष्टि प्रयोग गरुन् र जीवनको गुणस्तर कायम राख्न सकुन भन्ने अभिप्राय समेत यस दिवसको हो । तसर्थ समयमै आँखा रोगको उपचार गरेर जीवनलाई अन्धकारमय हुनबाट जोगाउन सकियो भने मात्र दिवस मनाउनुले सार्थकता प्राप्त गर्दछ ।

## Opinion @ Social Network

आसुको खासै तौल त हुँदैन तर पनि यो निस्केपछि हृदय हलुका हुन्छ ।
जब हलुका हुन्छ नि तब अनुहारमा मिठो मुस्कन आउछ ।।
*(एलिना गाहा मगरको फेसबुक स्टाटसबाट www.facebook.com/alinagaha.magar.)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# नेपालका सबै संरचना भारत 'अधीनस्थ'



पूर्ण ओली

> *हाम्रा धेरै नेता, ब्यापारी, पत्रकार तथा कर्मचारीसमेत बिकाउ भइसकेका छन् । हामीले हेर्दा नेता मात्र बिकाउ भएको देखिन्छन् । तर साथमा हाम्रा सबैधानिक अंगमा मानिस समेत धेरै बिकाउ छन् भन्ने कुरा बुझिन्छ । अहिले भारत मात्र होइन अमेरिका पनि नेपालका महत्वपूर्ण ब्यक्ति आफ्ना पक्षमा पारेर उसको हितमा कार्य गर्न बाध्य पारेको हामीले देखिरहेका छौं । नेपाली जनताले धेरै बिरोध गर्दा गर्दै पनि नेपालका केही युवा नेता ती काँग्रेस कम्युनिष्टका महत्पूर्ण नेता खुला रुपमा एमसीसीको समर्थनमा टिभीमा बोल्नुको कारण पनि यही हो । अर्थात् उनीहरु पनि राष्ट्रको हितमा भन्दा बिदेशीको हितमा बोल्नु भनेको सबै बिकाउ भएर नै हो । एमसीसी सदनबाट पास भएको छोटो समयमा सरकारले कार्यन्वयन गर्नु पनि अमेरिकाको इच्छा अनुसार नै भएको छ । अर्कोतर्फ खासै बिरोध नभएको चीनसँगको बीआरआई सम्झौता अहिलेसम्म कार्यन्वयन भएको छैन । यसमा कर्मचारीले पनि नचाहेजस्तो गरी ढिला सुस्ती गर्नु भनेको भारत र अमेरिकालाई खुसी पार्नु हो ।*

हामीलाई थाहा छ नेपालका नेताहरु भारतको गुलामी गर्छन् । उनीहरुलाई गुलामी बनाउने कार्य भारतबाट भइरहेको छ । भारतले नेपालमा राजा महेन्द्र भइन्जेल यहाँका कुनै मन्त्री, नेता तथा संघ संस्थालाई चलाउन सकेको थिएन । जब राजा महेन्द्रको आकस्मिक निधन भएर राजा वीरेन्द्रको शासन सुरु भयो । उनको उदारता प्रजातान्त्रिक सोच तथा सबैलाई विश्वास गर्ने बानीले सबै निकाय अलिक बढी स्वच्छन्द भएर चल्न थाले । यसको फाइदा भारतले लिन थाल्यो । खासगरि नेपालमा बहुदलीय ब्यबस्था सुरु भएपछि यसका नेता भारतसँग बढ्ता घनिष्ट हुन थाले । परिणामस्वरुप सत्ताधारी नेताहरु भारतको स्वार्थमा चल्न थाले । मैले नेपाली सेनाको जंगल वारफेयर स्कुल अमलेखगञ्जमा धेरै प्रहरी र राष्ट्रिय अनुसन्धानका टिमलाई तालिम दिने अबसर पाएँ । त्यतिखेर उनीहरुले बताएअनुसार भारतको प्रमुख उद्देश्य पाकिस्तानी जासुसी संस्था आईएसआई बारेमा बढी जानकारी लिने प्रयास गर्नु थियो । शायद अहिलेसम्म त्यसलाई नै प्राथमिकतामा राखेर भारतले काम गरिरहेको छ । भारतले नेपालका महत्वपूर्ण संस्थाहरु उद्योग तथा बाणिज्य बिभाग, परराष्ट्र मन्त्रालय, गृह मन्त्रालयलगायतका मानिसलाई पनि आफ्नो हातमा पार्न प्रयास गर्ने गर्दै थिए । त्यस्का लागि तालिम, सेमिनार आदिको नाममा भारतमा बोलाउने र आफ्ना पक्षमा काम गर्न दवाव प्रभाव या लोभमा पनि पार्न सक्छन् । अहिले नेपालका सबैजसो संबैधानिक निकायका ब्यक्तिहरुमा पनि भारतले केहीलाई तालिम, कसैका छोराछोरीलाई छात्रबृत्ति तथा कसैलाई तलब दिएर पनि भारतको हितमा काम गर्ने बनाइसकेको बुझिन्छ ।

नेपाली सेनालाई विभिन्न तालिम दिए पनि उनीहरुलाई प्रत्यक्ष भारतको लागि काम गर्न दवाव दिँदैनथे । उनीहरुलाई नेपाली सेनाको राष्ट्रभक्ति र इमान्दारी प्रति बढि बिश्वास थियो । हाम्रा कतिपय कर्मचारीले नेपाल र भारतको सन्धी सम्झौताका कुरा आउँदा नेपालको हितमा बलियोसँग बार्ता गर्न नसक्नु पनि यही कारण हो । त्यस्तै कतिपय सांसदहरुलाई पनि भारतको हितमा काम गर्न लगाइन्छ । यसका लागि निर्बाचनको समयमा आवश्यक चुनाब खर्च दिने गरेको बुझिन्छ । त्यस्तै केही समाचार माध्यमका मालिकहरु पनि भारतसँग बढी बफादार भएका देखिन्छन् । पहिला कान्तिपुर पत्रिका राष्ट्रहितमा निकै राम्रो लेखहरु प्रकाशित गर्ने गर्दथे । एकपटक कान्तिपुर पत्रिकामा आबश्यक पर्ने पेपर भारतले निकै समयसम्म कलकत्तामा रोकेर राख्यो । पछि सायद कान्तिपुरसँग के सम्झौता भयो ती कागजपत्र आउन थाले । तर त्यसपछि उक्त पत्रिकाले कहिले पनि भारतको बिरुद्ध केही पनि लेख्ने आँट गर्दैन । हामीलाई थाहा छ केही पत्रकार खुलम् खुला भारतको समर्थनमा लेख्छन् बोल्छन् तर चीनको बिरोध गरिरहन्छन् । यो पनि भारतलाई खुसी पार्नलाई गरिएका हुन् । हाम्रा धेरै नेता, ब्यापारी, पत्रकार तथा कर्मचारीसमेत बिकाउ भइसकेका छन् । हामीले हेर्दा नेता मात्र बिकाउ भएको देखिन्छन् । तर साथमा हाम्रा संबैधानिक अंगमा मानिस समेत धेरै बिकाउ छन् भन्ने कुरा बुझिन्छ । अहिले भारत मात्र होइन अमेरिका पनि नेपालका महत्वपूर्ण ब्यक्ति आफ्ना पक्षमा पारेर उसको हितमा कार्य गर्न बाध्य पारेको हामीले देखिरहेका छौं । नेपाली जनताले धेरै बिरोध गर्दा गर्दै पनि नेपालका केही युवा नेता ती काँग्रेस कम्युनिष्टका महत्पूर्ण नेता खुला रुपमा एमसीसीको समर्थनमा टिभीमा बोल्नुको कारण पनि यही हो । अर्थात् उनीहरु पनि राष्ट्रको हितमा भन्दा बिदेशीको हितमा बोल्नु भनेको सबै बिकाउ भएर नै हो । एमसीसी सदनबाट पास भएको छोटो समयमा सरकारले कार्यन्वयन गर्नु पनि अमेरिकाको इच्छा अनुसार नै भएको छ । अर्कोतर्फ खासै बिरोध नभएको चीनसँगको बीआरआई सम्झौता अहिलेसम्म कार्यन्वयन भएको छैन । यसमा कर्मचारीले पनि नचाहेजस्तो गरी ढिला सुस्ती गर्नु भनेको भारत र अमेरिकालाई खुसी पार्नु हो ।

चीनले खासै रुपमा नेपालका कुनै ब्यक्तिलाई पैसा दिएर आफ्नो पक्षमा पार्नु भन्दा नेपालको हित हुने कार्यमा सहयोग गर्न चाहन्छ । त्यस्ता सहयोग पनि नेपाल पक्षबाट प्रस्ताव हुँदैन । हामीलाई भारततर्फको खुला सिमानाले धेरै घाटा परिरहेको छ । प्रमुख बिषय सुरक्षाको हो । कुनैपनि समय खुला सिमानाको दुरुपयोग गरी भारतीय सुरक्षा निकायका ब्यक्ति, तस्कर, अपराधी जो कोही पनि आउन सक्छन् । यही खुला सिमानाबाट अरबौंको सामान बिना भन्सार नेपाल भित्री रहेको छ । तर यसको बिरुद्ध कुनै पनि सुरक्षा निकाय, कर्मचारी, ब्यापारी, स्थानीय तहदेखि केन्द्रसम्मका नेताले कडा रुपमा बिरोध गर्दैनन् । किनकि खुला सिमानाबाट उनीहरुले फाइदा लिइरहेका छन् ।

सिमानामा बस्ने कर्मचारी तथा स्थानीय निकायका नेताहरुले चाहने हो भने सरकार माथि तिब्र दवाव दिएर पनि सबै स्थानीय निकायले आफ्नोतर्फ बलियोसँग काँडेतार लगाउन सकिन्छ । त्यसपछि भारतलाई पनि दवाव पर्ने थियो । धेरै नेपाली कर्मचारी तथा नेता प्राय बिकाउ भइसके यो अत्यन्त दु:खद पक्ष हो । हामी नेपाली जनताको इच्छा भने छिमेकी राष्ट्रसहितको सहयोग लिएर भएपनि नेपालको शिघ्र आर्थिक बिकास होस् । तर राजनीतिज्ञहरु आफ्नो सत्ता लम्ब्याउन कुन देशलाई खुसी पार्दा आफूलाई फाइदा हुन्छ अनि कोबाट मात्र आबश्यक सहयोग लिने भनेर नेपालको हित भन्दा बिदेशीको हित अनुसार चलिरहेका देखिन्छन् । भारतले नेपालको दीर्घकालीन हित चाहेको देखिँदैन । नेपाल सम्पन्न हुनुभन्दा गरिब र अस्थिर भइरहँदा भारतको इच्छाअनुसार नेपाली नेतालाई चलाउन सकिने हुनाले त्यही अनुसार मात्र नेपाललाई केही सहयोग गरेजस्तो मात्र गरिरहेको छ । भारतले नेपालको पूर्वाधार विकासमा सहयोग गर्नुभन्दा सहयोगको आश्वासनमा झुलाएर मात्र लामो समयसम्म राख्ने गरेको छ । यति कुरापनि हाम्रा नेताले नबुझेका होइनन् । तर सत्ता स्वार्थमा मात्र केन्द्रित भएका अहिलेका भ्रष्ट नेताबाट देशको बिकास भन्दा अस्थिरता, सामाजिक भाँडमैलो, धार्मिक असहिष्णुतामा बृद्धि भइरहेको छ । प्रधानमन्त्री पनि तेस्रो ठूलो दलको नेता मात्र हुन् । उनी आफैं आगामि निर्बाचनमा बहुमत पाएमा आफूले जातीय राज्य दिने कबुल गर्छन् । यस्ता ब्यक्ति देशको नेतृत्वमा रहिरहनु पनि नेपालमा सधैं अस्थिरता भइरहनु हो । सत्तामा भएको सबभन्दा ठूलो दल काँग्रेस पनि माओबादीको काँधमा बन्दुक राखेर आफ्ना दलका अपराधी ब्यक्तिलाई जेलबाट बीचैमा छुटाएर फाइदा लिइरहेको छ । अनि आफ्ना प्रमुख नेताका पत्नी भ्रष्टचार र नक्कली भुटानी शरणार्थी काण्डमा मुछिँदा पनि कारबाही नगर्न प्रचण्ड सरकारलाई दवाव दिइरहेका छन् । अनि यसैको फाइदा प्रचण्डले लिइरहेका छन् । अनि प्रचण्ड जस्तो जघन्य मानवअधिकारमा मुद्दा परेको ब्यक्ति जसलाई अहिलेसम्म अमेरिकाले आतंकारीको ट्याग हटाएको छैन । उनैलाई बार्गेनिङ गरेर अमेरिकाको हितमा चलाउन सफल भइरहेको छ । अहिले सरकारसँग कुनै गतिला बिकासका आयोजना छैनन् । युवालाई स्वदेशमा रोकेर राख्ने र बिदेशीएका युवालाई स्वदेशमा फर्काउने कुनै योजना छैन । किसानको उत्पादन बढाउने, कृषिमा ब्यापक सुधार गर्न आबश्यक पर्ने सिचाइमा अभियान चलाउने पनि कुनै कार्यक्रम छैन ।

शिक्षा नीति बनाउन प्रयासरत भएपनि दलका भातृ संगठन जस्ता शिक्षकको बिरोधले त्यसलाई अघि बढाउन सकेको छैन । गुणस्तरीय शिक्षा र स्वास्थ्य नि:शुल्क गरि सबै जनतालाई समान किसिमले त्यस्को उपयोग गराउन सक्ने दीर्घकालीन कुनै नीति बनाएर कार्यन्वयन गर्न सक्ने गतिला कार्यक्रम अहिलेको सरकारबाट संभव छैन । शिर्फ बिरोधी तर्साउन, सत्तामा भएका ठूला दल तथा नेतालाई तर्साउन उनीहरु माथि लागेको भ्रष्टाचारको फायल देखाएर तर्साउन तर कसैलाई पनि गतिलो कारवाही गर्ने हिम्मत प्रचण्ड सरकारसँग छैन । त्यसैले अहिलेका प्रधानमन्त्रीले देश र जनताको हितमा कुनै काम नगरे पनि भारत अमेरिकाको हितमा भने काम गरिरहेका छन् । यसबाट केही समय हेगमा नपुगे पनि नेपाली जनताको हितमा प्रचण्डबाट केही पनि माखो नमर्ने अब निश्चित भइसकेको छ । त्यसैले यो सरकारलाई जतिसक्दो छिटो सत्ताबाट बहिर्गमन गराउनै पर्छ ।

*-डिसी नेपाल डटकम*

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पिटल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : दैनिक कार्यहरूमा प्रगति हुँदै जानेछ। जोशजाँगर र हिम्मत बढ्नेछ । | **तुला** : परिवारजनको साथले नयाँ आशा पलाउनेछ । अरूको मन जित्न सकिनेछ। |
| **वृष** : शरीरमा स्फूर्तिको कमी हुनेछ । सौन्दर्यतामा धन खर्च पनि हुनेछ । | **वृश्चिक** : मित्रताको बन्धन कसिने छ । आफन्तसँग रमणीय यात्राको योग छ । |
| **मिथुन** : अतिथिका रूपमा सम्मान पाइनेछ । इच्छाहरु पूर्ण हुनेछन् । | **धनु** : समय निकै उत्साहजनक रहनेछ। समाजसेवामा मन लाग्नेछ । |
| **कर्कट** : शुभकार्यको चर्चा चल्नेछ । मनमा हर्ष, उमङ्ग र उत्साह छाउनेछ । | **मकर** : पारिवारिक समस्या आइपर्ला। गरेको काममा ढिलासुस्ती हुनेछ । |
| **सिंह** : नयाँ कार्यको थालनी हुनसक्छ । आत्मिक सन्तुष्टि मिल्नेछ । | **कुम्भ** : समाजसेवाका कार्यमा मन लाग्नेछ। आफ्नो प्रभुत्व जमाउन सकिनेछ। |
| **कन्या** : दोधारको सिर्जना हुनसक्छ । विचार गरेर निर्णय लिनु राम्रो होला । | **मीन** : पारिवारिक सहयोग मिल्नेछ । मनमा शान्ति पनि छाउनेछ । |




नीति कथा — कमल रिजाल

# आफू भला जगत् भला

अरूलाई सहयोग गर्नेलाई भगवानले पनि सहयोग गर्छन् । त्यस्तै असहयोग गर्ने, पाएसम्म ठगठाग गर्नेले भने भगवान्को तर्फबाट ठगिनुपर्छ । यही नै सनातन वा दैवी नियम हो । भाइबहिनीहरूका जानकारीका लागि यहाँ यस्तै कथा प्रस्तुत गरिएको छ । धेरै पहिलेको कुरा हो । कुनै गाउँमा एउटी गरिब महिला बस्थिन् । उनी प्रत्येक दिन गाउँमा फलफूल पुऱ्याउँथिन् र त्यसैबाट गुजारा चलाउने गर्थिन् । निमान्दारीपूर्वक गाउँको सेवा गरेकीले गाउँलेहरूले पनि परिवारकै सदस्य जस्तो ठानेर माया गर्दै आएका थिए । यस्तैमा एक दिन गाउँमा कुनै सज्जन दम्पती परिवारसहित बस्न आएका थिए । फलवाली महिलाले ती नवागन्तुक परिवारको पनि अन्य परिवारलाई जस्तै सेवा गर्न थालिन् ।

एक दिनको कुरा हो । ती नवागन्तुक सज्जन परिवारलाई केही पर छिमेकमा कुनै शुभ कार्यमा जानुपर्ने भयो । उनीहरू सपरिवार कार्यक्रममा भाग लिन त गए तर भैदियो के भने फर्कँदा निकै अबेला भयो । त्यसैले घर नजिक पुगेपछि छोराछोरीलाई घरमा चाहिने सामान किनेर ल्याउन लगाएर सज्जन दम्पती साँझको बत्ती बाल्न घरतिर दौडिए । छोराछोरी पनि बजारबाट सामान किनेर यथा समयमै घर पुगे । रात परिसकेको थियो खाना उतै खाएर आएका थिए । त्यसैले साँझको कृत्य पूरा गरी सबै जना सुते । भोलिपल्ट चिया खाना लाग्दा भाइले दिदीको गलामा सिक्री नदेखेर आश्चर्य मान्दै सोधे-

‘दिदी ! तपाईंको गलामा सिक्री त छैन नि, कता राख्नुभयो ? हिजो लगाउनु भएको थियो होइन र ?’

भाइको कुरा सुनेपछि दिदी झसङ्ग भइन् । छामछामा छुमछुम गरिन्, नभन्दै गला रित्तै रहेछ । त्यसपछि सबै जना मिलेर घरको चोटाकोठा सर्वत्र सिक्री खोज्ने काम भयो तर केही लागेन । किनकि सिक्री घरमा नभई फर्कँदा बाटामै कतै खसाएकी थिइन् । त्यसपछि उनी खानपीनसमेत छाडेर उदास रहन थालिन् । उनको उदासीले पूरा घर परिवारलाई नै उदास बनायो । यता फलवाली महिला जब कामबाट साँझ घर फर्कँदै थिइन् गोडामा केही अल्झे जस्तो लाग्यो । भुइँतिर हेरिन् सिक्री देखेर छक्क परिन् । यताउता हेरिन् कोही पनि देखिनन् । त्यसपछि उनलाई पिर पऱ्यो सिक्री कसको हो र त्यसलाई कसरी उनीहरूसम्म पुऱ्याउने होला भन्ने कुराको । उनी सिक्री लिएर घर गइन् र सुरक्षित ठाउँमा राखेर सुतिन् तर निद्रा भने लागेन । रातभर सिक्री कसरी सम्बन्धित मानिसको जिम्मा लगाउने होला भन्ने नै सोचिरहिन् ।

भोलिपल्ट उज्यालो भयो उनी सदा झैँ गाउँमा फलफूल पुऱ्याउन गइन् । गाउँ घुम्दै जाँदा त्यो घरमा पनि पुगिन्, जुन घरको मानिसको सिक्री हराएको थियो तर त्यहाँ भने अघिपछिजस्तो चहलपहल नदेखेर आश्चर्य मानिन् । उनलाई लाग्यो पक्कै यहाँ केही गडबढी हुनुपर्छ । त्यसैले घरमूली महिलालाई बोलाएर सोधिन्-

‘बहिनी ! घरमा सदा झैँ चहलपहल देख्दिनँ नि, के भयो ?’

फलवाली महिलाको कुरा सुनेर घरवाली महिलाले घरको हालत बताइन् । त्यसपछि उनलाई सिक्री हराउने मानिस पत्ता लगाउन बेर लागेन र मुसुक्क हाँस्दै भनिन्-

‘एक छिन् पख्नुस् है ।’

यति भनेर उनी घरतिर लागिन् । घरवाली महिला उनैलाई हेरिरहिन् । नभन्दै एकैछिनमा फलवालीले आएर सिक्री देखाउँदै भनिन्-

‘यी हेर्नुस् । यही होइन तपाईंको सिक्री ? सत्यको कमाइ खेर जान्न किन चिन्ता गर्नुहुन्छ ?’

घरवाली महिलाले हेरिन् नभन्दै सिक्री उनकै थियो । त्यसपछि उनले फलवालीको प्रशंसा गर्दै केही पुरस्कार दिन खोजिन् तर सोझै अस्वीकार गर्दै भनिन्-

‘बहिनी ! मैले सिक्री केही पाउँला भनेर फिर्ता गरेकी होइन । यो त मेरो धर्म हो, जसको हो उसैलाई फिर्ता दिनु । हिजो साँझै बाटामा भेट्टाएकी थिएँ तर कसको हो थाहा थिएन । त्यसैले त्यति बेलादेखि नै सिक्री सम्बन्धित व्यक्तिसम्म पुऱ्याउन सक्दिन कि भन्ने चिन्ता थियो । भगवान्ले साथ दिएकाले फिर्ता गर्ने अवसर पाएँ । हो जरुर धनले गरिब छु तर मनले छैन । भगवान्ले जीवन दिएकै सेवाका लागि हो । मानव जीवन पाएर त्यति पनि गर्न सकिएन भने जीवन पाउनुको अर्थ नै के रह्यो र ।’ उनको कुरा सुनेर घरमूली महिला अवाक भइन् ।

एउटी गरिब महिलाको इमान्दारिता देखेर उनको आँखामा आँसु भरियो । त्यसपछि भगवान्ले सदा तपाईंको कल्याण गरुन् भन्ने आशीर्वाद दिएर विदा गरिन् । त्यसपछि घरमूली महिलाले आफ्ना श्रीमानलाई भनेर उनकै अफिसमा जागिर लगाइदिइन् । त्यस दिनदेखि उनी सुखपूर्वकले जीवन बिताउन लागिन् । आफू भला जगत् भला भन्ने उखान किन निरर्थक हुन्थ्यो र । धेरै पहिलेदेखि पढ्दै र सुन्दै आएको यस कथामा केकति सत्यता छ त्यो त थाहा छैन तर इमान्दारीको नतिजा जहाँ पनि यस्तै हुन्छ भन्ने कुरा भने सत्य हो ।

*-रातोपाटी डटकम*


**कालीगण्डकी गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**पूर्तिघाट, गुल्मी**
**लुम्बिनी प्रदेश, नेपाल**

## सवारी साधन खरिद गर्ने सम्बन्धी सूचना

**(दोस्रो पटक सूचना प्रकाशित मिति : २०८०/०६/२५)**

यस कार्यालयलाई आवश्यक चारपाङ्ग्रे सवारी साधन थान १(एक) सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ को उपदफा १ (क.८) तथा सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१(ख) बमोजिम त्यस्तो सवारी साधन उत्पादक वा अधिकृत बिक्रेताद्वारा निर्धारित दरमा (क्याटलग सपिङ्ग) खरिद गर्ने विधिबाट खरिद गर्नुपर्ने भएकोले इच्छुक उत्पादक वा त्यसको आधिकारिक बिक्रेताले फर्मदर्ता र नवीकरणको प्रमाणपत्र, मुल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, एजेन्सी दर्ता प्रमाणपत्र, Letter of Authorization र करचुक्ता प्रमाणपत्रको प्रतिलिपि सहित सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१(ख) को उपनियम २ अनुसार देहाय बमोजिमको सवारी साधनको आधिकारिक स्फेशिफिकेशन, गुणस्तर, मूल्य र सुविधा सहितको विवरण (क्याटलग वा ब्रोसर) संलग्न राखी यो सूचना प्रकाशन भएको मितिले ७ दिनभित्र (सो दिन सार्वजनिक बिदा पर्न गए सोको भोलिपल्ट) यस कार्यालयमा दर्ता गराउनुहुन यो सूचना प्रकाशन गरिएको छ ।

Technical Specification

| क्र.स | खरिद गर्ने सामाग्रीको नाम | संक्षिप्त विवरण | कैफियत |
|---|---|---|---|
| १. | चार पाङ्ग्रे सवारी साधन (पिक अप) | - 4 Wheel drive Pick-Up GVW not be less than 2600 kg. at least 5 passengers including driver.<br>- 4 cylinder, 4-stroke, engine displacement not less than 2500 CC, water cooled diesel Engine, developing Maximum power output not less than 60HP with torque not less than 190 Nm at governed RPM.<br>- Hydraulic Power Assisted Steering.<br>- Ground clearance minimum 180 mm. | संक्षिप्त विवरण उल्लेख नभएका विषयहरु कार्यालयबाट स्वीकृत Technical Specification बमोजिम हुनेछन । |

थप जानकारीका लागि मोबाइल नं.९८५७०८९६०५

**प्रमुख प्रशासकीय अधिकृत**


निबन्ध — ज्ञानेन्द्र विवश

# हेर्नुको सत्य, देख्नुको सौन्दर्य

हेर्नुको सत्य, देख्नुको सौन्दर्यमा झल्किन्छ । यथार्थ जिन्दगीको नयाँ सम्बन्धका सीमारेखाहरू कोरिन्छन् । कति प्राञ्जल प्रारूप प्रस्टिन्छ । देखिएको र देखाएको कुरामा लुकाउने कुरा केही हुँदैन त्यहाँ । हेराहेर र देखादेख जहिले पनि जो जससँग पनि हुन्छ । हेर्नुको सत्य-तथ्य आवरणमा जस्ताको तस्तै लोकार्पण हुने रहेछ । देख्नुको सौन्दर्य आकर्षणमा आबद्ध स्पष्ट आलोक छरिने रहेछ । हाम्रा हेराइहरूलाई जुन कुराले आकर्षित गरेर हामीलाई लोभ्याउँछ, त्यो नै ‘सत्य र सौन्दर्य’ हो । सत्य र सौन्दर्यको ज्ञान हेर्नु र देख्नुको प्रक्रियाबाट प्राप्त हुन्छ । यो क्रम आदिम र अनन्त छ । यो सिलसिला रोकिँदैन । हेर्नु र देख्नुको प्राप्तिमा चञ्चल मन चुपचाप बस्न सक्दैन । देख्ने र हेर्ने आँखाले हो । हेर्नुको दैलो खोल्ने र देख्नुको सत्य-सौन्दर्य पस्किने आँखाले नै हो । सकारात्मक सोच्नुपर्ने मन जस्तै सर्वत्र कोमल रूप । माया र ममताको संसार देख्न र खोज्न उत्सुक मन । लुकेर, चियाएर हेर्न कति चौचौ, कति सकसक । चोर चक्षु चञ्चल सधैँ ।

हेर्नलाई आँखा र मन पनि राम्रो हुनुपर्ने रहेछ । राम्रो वस्तु दृश्यमान भएर मात्र भएन त्यसप्रति सही हेराइ हेर्नुपर्ने रहेछ । हेराइको इज्जत पनि गर्न सक्नुपर्ने रहेछ । अत: आँखाको हेराइ काँडामा पनि फूल देख्न सकियोस् । त्यस्तो आँखाबाट फूलमा सुन्दरता र सुगन्ध फैलिएको होस् । आँखाको हेराइमा घृणा होइन श्रद्धा र स्नेहको हार्दिक प्रेम प्रकट भइरहोस् । कहिलेकाहीँ यस्तो लाग्छ, कति कुरा नदेखेको भए हुन्थ्यो । कति कुरा नहेरेको, नभेटेको र नभनेको भए हुन्थ्यो । अनि कति कुरा नबोलेको, नसुनेको भए पनि हुन्थ्यो । तर कति कुरा हेरेर, देखेर कति आनन्द लाग्छ । तिनलाई नदेखेको, नहेरेको भए कति राम्रो कुरा हेर्न, देख्नबाट हामी वञ्चित हुने थियौँ । यद्यपि हेराइको प्रकृति र परिवेश भिन्न-भिन्न हुन्छ । कसैको पनि एउटै किसिमको वा एकै आशयको हेराइ हुँदैन । आशयअनुसार हेराइ पनि भिन्न हुन्छ । हेर्नु वा हेराहेरको अर्थ र अभिप्राय फरक हुन सक्छ । चिन्नेजान्ने र नचिनेकाहरूलाई हेर्ने हेराइ पनि फरक हुन्छ । हेराइहरू अनेक प्रकारका हुन्छन् । जस्तै- मायाले हेर्ने हेराइ । सद्भाव र शुभेच्छाले, विश्वास र विनयी भावले हेर्ने हेराइ । जबरजस्ती, उत्सुकता र प्रसन्नताले हेर्ने हेराइ । आवश्यकता र घृणाले हेर्ने तथा प्रश्नसूचक दृष्टिको हेराइ आदि । हेराइकै हेराइले पनि कहिले ‘दृष्टिभ्रम’ पनि हुनसक्छ ।

रोएर र हाँसेर हेरेको हेराइ एकै हुन सक्दैन । खुसी र दु:खले हेरेको हेराइ पनि उहीँ हुँदैन । उमेरले पनि हेराइमा फरक पार्छ । सोचाइ र बुझाइले पनि हेराइको अर्थ फरक हुन सक्छ । आशय, अवस्था, आवश्यकता आदिले हेराइको अर्थ र अभिप्रायमा अन्तर आउने गर्छ । कुनै हेराइ नहेर्दै पनि हेरिन्छ । कुनै हेराइ हेर्न खोजेर पनि हेर्न र देख्न सकिँदैन । हेर्न चाहँदैमा र देख्न खोज्दैमा कुनै हेराइले चाहना पूरा गर्न सक्दैन । कुनै बेला हेर्नु र नहेर्नु, देख्नु र नदेख्नुले पनि कुनै अर्थ राख्दैन । कुनै बेला त्यही हेराइले निकै ठूलो अर्थ राख्छ । यसरी यी सबै हेर्ने हेराइ र देख्ने दृष्टिकोण पृर्थक हुन्छ । कुनै हेराइबाट डराउनुपर्छ, लजाउनुपर्छ, भाग्नुपर्ने अवस्था पनि आउन सक्छ । त्यस्ता हेराइसँग तर्किनु, तर्सिनु र झर्किनुपर्ने पनि हुन्छ । कुनै हेराइ शंकालु, कुनै हेराइ मायालु र विषालु पनि हुनसक्छ । कुनै हेराइ ‘तीर’ जस्तो घोच्ने, घायल पार्ने पनि हुन्छ । कुनै-कुनै हेराइ हर्षको हुन्छ, कुनै विष्मात र अफसोसको समेत हुन्छ । हेराइलाई देख्ना साथ यस्तै आशयको हो भनेर कहिले अनुमान सही हुन्छ, कहिले गलत पनि हुनसक्छ । हेर्नु र देख्नुको मापन हुन सक्दैन । हेर्न सकेसम्म हेर्न, देख्नलाई कुनै सीमा-साँध हुँदैन ।

जीवन छउञ्जेल जिउनुको अर्थ रहन्छ । तर जिउनुको नाम मात्र जिन्दगी होइन । बाँचेकाहरू त यहाँ धेरै छन् । बाँच्नु मात्र ठूलो कुरा होइन । बाँचेर अनुभव गर्नु र व्यवहारमा सत्कर्मको उदाहरण पेस गर्न सक्नु अर्को कुरा हुने रहेछ । हेर्नुको आवश्यकता र महत्त्व कति धेरै छ भन्ने कुरा हेराइपछिको परिणामले बताउँछ । हेरेर सत्य खुलाउँदै देख्नुको सौन्दर्यमा हर्ष विभोर भएपछि पत्ता लाग्छ । हेराहेरले चिनिन्छ, बुझिन्छ । बिर्सेको भए सम्झिइन्छ । जहाँ पनि, जे कुरा र जहिले पनि हेराहेरपछि नै चिन्न सकिन्छ- को हो, के हो ? भन्ने यावत कुरा । त्यसैले हेर्नु वा देख्नु जस्तो सत्य अरू केही छैन र हुँदैन । हेराहेरमै सबै कुरा छर्लङ्ग खुल्छ यथार्थ । कसको अनुहार कस्तो ? रूपरङ, बोली र व्यवहार आदि हेरेपछि नै थाहा हुन्छ । हेर्नुको आकर्षण कस्तो प्रभावकारी हुन्छ भने कुनैलाई एक पटक हेरेपछि सधैँ हेरिरहूँ जस्तो लाग्छ । हेरेर, हेराहेर गरेर अघाइँदैन । हेर्नुको भोक लागिरहन्छ । हेराइको आँखाबाट त्यो ओझेलमा पर्न चाहँदैनन् । कति प्रिय लाग्छ, लागिरहन्छ हेर्नुको आनन्द । मन परेको दृश्य हेर्नु जस्तो प्राप्ति र सन्तुष्टि अरू केही हुन सक्दैन । वास्तवमा हेर्नु जस्तो सत्य र देख्नु जस्तो सही प्रमाण अरू केही जुट्नै सक्दैन । अध्ययन, अनुसन्धानका लागि सही प्रमाण र सन्दर्भ सामग्रीमा पनि हेर्नुको विकल्प छैन । नहेरी केही देखिँदैन । हेरेपछि सबै देखिन्छ, नदेखिएका दृश्यहरू पनि छर्लङ्ग ।

हेरेर जानकारीका अथाह अभिलेखहरू उपलब्ध हुन्छन् । हेरेरै थाहा नपाइएका कुराहरूका ज्ञान पाउन सकिन्छ । हेरेर भेटिन्छ अनुभूतिहरूका भूगोल । देखेर जानिन्छ यात्राका गन्तव्यहरू कस्ता र कहाँ भन्ने तथ्य विवरणहरू । हेरेर र हिँडेर पुगिन्छ अनकन्टार यात्राका बिसौनीहरू । प्रकृतिको सौन्दर्यमा मुग्ध भएर रमाइन्छ हेराहेरमै । हेर्नुको आनन्द अर्को पटक त्यहाँ सार्थक लाग्छ । हेर्न नसके वा हेर्न नपाए प्रकृतिमा रमाउनुको के अर्थ । अर्थहीन बन्छ यात्रा पनि । हेरेरै प्राप्त हुन्छ सारा खुसी र दु:खहरू पनि । राम्रो र नराम्रो हेराइबाट थाहा हुन्छ । कुनै मानिस यति सुन्दर लाग्छन् कि तिनलाई हेरौँ, कति हेरौँ, हेरेर तृप्त भइन्न । कुनै स्थान साह्रै रमाइलो लाग्छ । हेरेर र घुमेर सकिन्न हेरिरहौँ, त्यहीँ बसिरहौँ, घुमिरहौँ भन्ने भइरहन्छ । कुनै किताब पटक-पटक पढेर पनि पढ्न मन लागिरहन्छ । तिनलाई एक पलको हेराइ र क्षणिक भेटाइमा पनि सदा सम्झिरहिन्छ । हेराइको नकारात्मक असर कतिसम्म हुँदो रहेछ भने मन नपरेको ठाउँमा फेरि कहिल्यै जान मन लाग्दैन । मन नपरेको मान्छेलाई अब फेरि कहिल्यै हेर्न नपरोस् जस्तै हुन्छ । तर राम्रो चित्र वा मूर्ति हेरेर धित मर्दैन । सुमधुर संगीत सरगम सुनेर लठ्ठै परिन्छ । प्रकृति, साहित्य, कला र संगीत हेर्नुको सत्य, देख्नुको सौन्दर्य यिनैमा परिभाषित हुन्छ । देखादेखमा, हेराहेरमा आफूलाई राम्रो देखाउन लालायित हुन्छन् सबै । राम्रो हुन को चाहँदैन र ! सुन्दर, सफा देखिने चाहना कसको हुँदैन र ! राम्रो र सुन्दरताप्रतिको मोह वा तृष्णाले व्याकुल बनेर हामी तिनलाई हेर्न, देख्न अधैर्य हुन्छौँ । राम्रो र सुन्दरको अर्थ राम्रो वा राम्री सुन्दरी भन्ने अर्थमा मात्र सीमित हुँदैन । राम्रोले शील स्वभाव र असल चालचरित्रलाई पनि इङ्गित गर्छ । जस्तो असल विचारधाराका मानिस, सुन्दर प्रकृति, फूल आदि । अनुहारको सौन्दर्य मात्र आकर्षणको विषय हुँदैन । कसैले नहेरिदिए हुन्थ्यो भन्ने कसैले पनि चाहना राख्दैन । कसैलाई हेर्न नपाए हुन्थ्यो भन्ने कसैलाई लाग्ला तर त्यो बिरलै भेटिएला । सबैले हेर्ने चाहना राख्छन्, सबै आफूलाई हेराउन उत्सुक हुन्छन् । कसैको आँखामा कोही पनि ‘कसिङ्गर’ होइन ‘लालगेडी’ बन्न चाहन्छन् । आफूले मन पराएको चाहे मान्छे होस् वा अरू कुनै कुरा त्यसलाई मनभित्रै राख्ने मन हुन्छ । ‘मन नपराउने’ भन्दा पनि ‘मन पराउने’ इच्छा धेरैको हुन्छ । त्यसर्थ हेरेर धित मर्दैन कहिलेकाहीँ आफूले मन पराएको चीज हेर्न । जस्तो कि विराट प्रकृतिको सौन्दर्यमा आँखाहरू रमाउँदा कहाँ नहेरी बस्न सकिन्छ र ! जति हेरे पनि तृप्त हुनै सकिँदैन । अघाइँदैन हेरेर । यस्तो हेराहेरमा प्रकृति-प्रेमको दिव्यानुभूति विस्तार हुन्छ । र, आह्लादित मनका मुर्च्छनाहरू असीम खुसी बोकेर प्रतिबिम्बित हुन्छन् अनुभूतिका प्रगाढ अक्षरहरूमा ।

हेर्नु र फेरि हेरिरहनुको हेराहेरमा आदान-प्रदान भएका मौनताका भाव र भाषाहरू ! आँखै नझिम्क्याई अनवरत हेर्नुको मिठास । यौटा अलग्ग अध्याय र आवरण । गइरहेका जीवनको गहिराइतिर । भइरहेका प्रणय-मिलनका उत्सवको तयारीतिर । यस्तोमा कहिलेकाहीँ नबोलेरै पनि धेरै कुरा बोलिँदो रहेछ । नभनेरै पनि धेरै कुरा भनिँदो रहेछ । विना योजना, परियोजना । विना कार्यक्रम, समारोह । हेर्नलाई कहिले कुनै सल्लाह नै हुनुपर्दैन रहेछ । देखिनलाई कहिले कुनै छेकाबारले पनि नलुकाउँदो रहेछ । मन भएर र चाहेर मात्रै पनि नहुँदो रहेछ । देख्नलाई मरिहत्ते गर्दा कहिले बादलले पनि प्रकृतिलाई देख्नै नसकिने गरी लुकाइदिनेरहेछ । कहिलेकाहीँका हेराइहरू अनायासै यति प्रेमिल भइदिँदा रहेछन् कि त्यसमा बोलिचाली नै नभए पनि आँखाका भाषामा भावनाहरू आपसमा साटिँदो रहेछ । अव्यक्त कुराहरू पनि हेराइमा व्यक्त भए जस्तै लाग्ने रहेछ । त्यसैले आँखा जीवन-ज्योति हो । संसार देखाउने माध्यम आँखा । आँखा नभए के देख्नु, के हेर्नु ? देख्न र हेर्न नपाएपछि अधुरै रहन्छ ज्ञान । अन्धकारमय हुन्छ संसार । हेर्नुको सत्य उज्यालो संसारमा रङहरूका अनेकौँ सुन्दरतासँग साक्षात्कार हुन्छ । अनुभूतिका अनेकौँ अभिलेखहरू रेखाङ्कित हुन्छ । तिनमा एक्लै आँखा डुलाएर प्रफुल्लित मन खुसीको प्रस्थान बिन्दु बन्छ । अन्तत: हेर्नुको सत्य, देख्नुको सौन्दर्यमा झल्किरहन्छ ।

*-साहित्यपोष्ट डटकम*

# खुला प्रतिस्पर्धाबाट प्रधानाध्यापक चयन गर्ने



**वालिङ (स्याङ्जा),** असोज २४/ स्याङ्जाको वालिङ नगरपालिकाले नगरभित्रका सामुदायिक विद्यालयमा खुला प्रतिस्पर्धाबाट प्रधानाध्यापक चयन गर्ने भएको छ । सामुदायिक विद्यालयमा खस्किँदै गरेको शैक्षिक गुणस्तरलाई सुधार गर्नका लागि नगरपालिकाले योग्यता र क्षमताका आधारमा खुला प्रतिस्पर्धाबाट प्रधानाध्यापक नियुक्ति गर्ने निर्णय गरिएको नगरप्रमुख कृष्ण खाणले बताए ।

'सामुदायिक विद्यालयमा शैक्षिक गुणस्तर कमजोर हुँदै जाँदा विद्यालयमा बालबालिका तथा अभिभावकको आकर्षण घट्दै गइरहेको छ', उनले भने, 'सामुदायिक विद्यालयमा सरकारले गरेको लगानीअनुसारको नतिजा प्राप्ति गर्नमा सहयोग पुऱ्याउने उद्देश्यसहित खुला प्रतिस्पर्धाबाट प्रअ नियुक्ति गर्ने तयारीमा छौँ ।' नगरभित्र १६ माध्यमिक तह र ५६ आधारभूत तह गरी ७२ वटा सामुदायिक विद्यालय रहेका छन् । बहत्तर सामुदायिक विद्यालयमध्ये पहिलो चरणमा माध्यमिक तहतर्फका आठवटा विद्यालय र आधारभूत तहतर्फका आठ गरी कुल १६ विद्यालयमा शैक्षिक योग्यता र क्षमताका आधारमा खुला प्रतिस्पर्धाबाट प्रअ नियुक्ति गरिने भएको हो । 'पहिलो चरणमा १६ वटा विद्यालयमा खुला प्रतिस्पर्धाबाट प्रअ नियुक्ति गर्छौं', उनले भने, 'खुला प्रतिस्पर्धाबाट नियुक्ति हुँदा विद्यालयको शैक्षिक गुणस्तरका लागि प्रभावकारी भूमिका खेल्न सक्ने विश्वासमा छौँ ।' नगरभित्रका सामुदायिक विद्यालयमा विद्यार्थी संख्या घट्दै गएकाले जनप्रतिनिधि तथा सरकारी कर्मचारी, सामुदायिक विद्यालयका शिक्षक-शिक्षिकालाई आफ्ना बालबालिकालाई सामुदायिक विद्यालयमा पढाउन प्रेरित गरिने उनले बताए । प्रअ नियुक्ति हुनका लागि शिक्षकले माध्यमिक तहमा कम्तीमा पाँच वर्ष स्थायी सेवा गरेको र स्नातकोत्तर पास गरेको वा १० वर्ष स्थायी सेवा र स्नातक उत्तीर्ण गरेकालाई प्रधानाध्यापक नियुक्ति गर्ने कानुनी व्यवस्था रहेको शिक्षा अधिकृत दुर्गा न्यौपानेको भनाई छ । आधारभूत तहमा प्रअ हुनका लागि शिक्षा विषयमा कम्तीमा स्नातक गरेको हुनुपर्नेछ । - ***रासस***

# यात्रुको गुनासो सुन्न पाल्पाका...

...नेपाल यातायात व्यवसायी महासंघका उपाध्यक्ष डिलबहादुर ढुङ्गानाले अहिले जतातत्तै निजी सवारी साधनले यात्रुहरु बोक्ने, दुर्घटना गराउने, दुर्घटना गराई जोखिम बढाउने, यातायात व्यवसायीहरुको रोजी रोटीमा लात हान्ने काम भईरहेकोले यस्ता गैर कानुनी क्रियाकलापहरु तत्काल रोक्न प्रहरी प्रशासनलाई अनुरोध गरेका छन् ।

तानसेन नगरपालिका-६ का वडा अध्यक्ष सागरमान महर्जनले तानसेनको बसपार्कमा यात्रु झरेपछी दशैं आएको महशुस हुने गरी सुरक्षा रणनीति बनाएर काम गर्नुपर्ने बताए । यात्रुहरुको सुरक्षाको लागि स्थानीय सरकारले प्रहरी, यातायात व्यबसायीसँग मिलेर काम गर्ने वडा अध्यक्ष महर्जनले बताए । नागरिक सहायता कक्ष शुभारम्भ कार्यक्रममा नेपाल रेडक्रस सोसाईटी पाल्पाका सभापति बाबुराम कार्की, यातायात व्यवस्था सेवा कार्यलय पाल्पाका प्रमुख लक्ष्मण घिमिरे, सामुदायिक प्रहरी पाल्पाका अध्यक्ष जयप्रकाश उप्रेती, पत्रकार महासंघ कार्यसमिति सदस्य कृष्ण पोखरेल लगायतले जनताले राहत पाउने गरी एक आपसमा समन्वय गरी यात्रुहरुलाई चाडपर्वको महशुस हुने गरी काम गर्नुपर्नेमा जोड दिए । यातायात व्यवसायीहरुले यात्रुहरुको अवस्था हेरिकन सवारी साधनहरु थप्ने, आलोपालो बढाउने र सहज रुपमा यात्रुहरुलाई गन्तव्यमा पुऱ्याउने प्रतिवद्धता व्यक्त गरेका छन् । चाडपर्वमा अधिकाश व्यक्तिहरु शहर छोडी गाउँ-गाउँमा जाने भएकाले शहरी सुरक्षा विशेष योजना लागु गरिएको पाल्पा प्रहरीले जनाएको छ । जिल्ला प्रहरी कार्यालय पाल्पाका प्रमुख हेरम्व शर्माको अध्यक्षता र ट्राफिक प्रहरी प्रमुख राजकुमार चापागाईको सञ्चालनमा यात्रु सहायता कक्ष शुभारम्भ कार्यक्रम भएको थियो ।


## हार्दिक समवेदना



जन्म
वि.सं. १९९६/०५/२९

स्वर्गारोहण
वि.सं.२०८०/०६/१६

**स्व.शान्ति देवी गौतम**

परियार समाज गुठी तानसेन पाल्पाका सदस्य सुरेश र सन्तोष गौतमको ममतामयी माता **शान्ति देवी गौतम**को मिति २०८० असोज १६ गते मंगलबारका दिन ८५ वर्षको उमेरमा भएको दुःखद् निधनले यस गुठी परिवार स्तब्ध भएको छ । साथै यस दुःखद् घडीको आज १३ औं पूण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको कामनासँगै **हार्दिक श्रद्धाञ्जली** तथा शोकाकूल परिवारजनमा ईश्वरले धैर्यधारण गर्ने शक्ति प्रदान गरुन् भनी **हार्दिक समवेदना** प्रकट गर्दछौं ।

| कोषाध्यक्ष | महासचिव | अध्यक्ष |
|---|---|---|
| विष्णु गौतम | सुजन कार्की | तीर्थप्रसाद गौतम |

एवं

**परियार समाज गुठी परिवार**
तानसेन, पाल्पा


## खेलकुद समाचार

### विश्वकपका लागि नेपाली टोलीको घोषणा



**काठमाडौं,** असोज २४/अखिल नेपाल फुटबल संघ (एन्फा)ले फिफा विश्वकप-२०२६ को पहिलो चरण अन्तर्गत लाओसविरुद्ध खेलका लागि आज २३ सदस्यीय नेपाली फुटबल टोलीको घोषणा गरेको छ । नेपाली राष्ट्रिय फुटबल टोलीका मुख्य प्रशिक्षक भिन्सेन्जो अल्बर्टो एनेसेले नयाँ खेलाडी अमृत श्रेष्ठ र सञ्जीव विष्टलाई समेट्दै २३ सदस्यीय टोलीको घोषणा गरेका हुन् ।

प्रशिक्षक एनेसेले लाओसविरुद्धको खेल आफनो लागि अवसर भएको बताउँदै टिममा रहेका नयाँ र ऊर्जावान युवाको सहभागिताले प्रतियोगितामा उत्कृष्ट खेल प्रदर्शन गर्ने विश्वास व्यक्त गरे । हिमालयन शेर्पा क्लबका डिफेन्डर अमृत श्रेष्ठ र न्यूरोड टिमका फरवार्ड सञ्जीव विष्ट पहिलो पटक राष्ट्रिय टोलीमा प्रवेश गरेका हुन् । विश्वकप छनोट अन्तर्गत पहिलो खेलमा नेपालले भोलि लाओससँग खेल्नेछ । त्रिपुरेश्वरस्थित दशरथ रङ्गशालामा हुने उक्त खेल आज (बिहीबार) साझ ५:३० बजे हुनेछ । होम एण्ड अवेका आधारमा हुने उक्त छनोट खेलमा नेपालले लाओससँग दोस्रो खेल यही असोज ३० गते उसकै मैदानमा खेल्नेछ । यस खेलको विजेता टोलीले विश्वकप छनोटको दोस्रो चरणमा स्थान बनाउने छन् । राष्ट्रिय फुटबल टोलीका कप्तान किरण चेम्जोङले लाओसविरुद्धको खेलका लागि आफ्नो टोलीले राम्रो अभ्यास गरेको बताए । छनोट हुने नेपाली टोलीको गोलकिपरमा किरणकुमार लिम्बू, दीप कार्की र अभिषेक बराल छन् । डिफेन्डरमा सनिश श्रेष्ठ, अनन्त तामाङ, आशिष गुरुङ, रोहित चन्द, अञ्जन राई, आशिष चौधरी र अमृत श्रेष्ठ छन् । मिडफिल्डरमा एरिक विष्ट, सुदिप गुरुङ, लाकेन लिम्बू, आवास लामिछाने, उत्सव राई, कृतिश रत्न छुन्जु र मनिष डाँगी छन् भने फरवार्डमा अन्जन विष्ट, आयुष घलान, जिलेस्पे जंग कार्की, दिनेश हेन्जन, हिसुब थपलिया र सञ्जीव विष्ट रहेका छन् ।


**वर्गिकृत डिस्प्ले**
१ X ५ साइजमा मात्र

वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्कः ०७५-५२०६०१


## अर्थ/कर्पोरेट समाचार

### तिन दिनसम्म घटेको नेप्सेमा चौथो दिन सामान्य सुधार



**पाल्पा,** असोज २४/यो सातामा कारोबारको लगातार तीन दिनसम्म घटेको नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा चौथौं दिन भने सामान्य अंकको सुधार देखिएको छ । बुधबार नेप्से परिसूचक पाँच दशमलव १६ अंकले बढेर एक हजार आठ सय ९४ दशमलव ७६ बिन्दुमा कायम भएको हो ।

विभिन्न दुई सय ८६ कम्पनीका ३७ लाख ३३ हजार पाँच सय २४ कित्ता शेयर ५५ हजार एक सय ९७ पटक खरिदबिक्री हुँदा रू एक अर्ब आठ करोड ८५ लाख ४७ हजार नौ सय ८० बराबरको कारोबार भएको नेप्सेले जनाएको छ । कारोबारमा उत्पादन तथा प्रशोधन समूह शून्य दशमलव १३, निर्जीवन बीमा समूह शून्य दशमलव ०६ र व्यापार समूह शून्य दशमलव १३ प्रतिशतले घटेको छ । अरु सबै समूहको उपसूचक बढेको छ । सबैभन्दा धेरै एक दशमलव ८० र म्युचुअल फन्ड एक दशमलव ०७ प्रतिशतले बढेको छ । एक सय ३७ कम्पनीको शेयर मूल्य बढेको छ । सबैभन्दा धेरै सिटी होटल लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ । सबैभन्दा धेरै घट्नेमा भने सानिमा जिआईसी इन्स्योरेन्स लिमिटेडको शेयर मूल्य चार दशमलव २१ प्रतिशतले घटेको छ । कारोबार रकमका आधारमा सबैभन्दा धेरै मान्डु हाइड्रोपावर लिमिटेडको रू चार करोड ८० लाख ९० हजार आठ सय १६ बराबरको किनबेच भएको छ । कारोबार भएका शेयर संख्याका आधारमा सबैभन्दा धेरै हिमाल दोलखा हाइड्रोपावर कम्पनी लिमिटेडको एक लाख ६६ हजार सात सय २९ कित्ता शेयर किनबेच भएको छ ।



मनको आवाज............

'नाम पनि यूनिक, काम पनि यूनिक'


यूनिक एफ.एम. ९४.२ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।



जनचेतना दैनिकको आधिकारीक वेबसाईट
शितलपाटी .कम
www.shittalpati.com डिजिटल पत्रिका




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई